(आ.व.२०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या १०)

आज मिति २०७९ साल पौष २९ गते सुक्रबारका दिन बिहान ८ :०० बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिका सदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिका सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

अधिकृत छैठौ श्री चन्द्र देव भट्ट

कम्प्युटर अपरेटर श्री अशोक चौधरी

प्रस्ताव नं. १ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन(LISA) को नतिजा स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २  राष्ट्रिय योजना आयोगमा समपूरक तथा विशेष योजना माग सम्बन्धमा ।

प्रस्ताव नं. ३ सुदुर पश्चिम प्रदेशमा माग गर्ने योजना सम्बन्धमा ।

प्रस्ताव नं. ४  तराइ-मधेष समृद्धि कार्यक्रममा माग गर्ने योजना सम्बन्धमा ।

प्रस्ताव नं. ५  माघी (स्थानीय) विदा तथा शुभकामना सम्बन्धमा ।

प्रस्ताव नं. ६  विविध विषय सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस भजनी नगरपालिकाकाले गत आर्थिक वर्ष २०७८/०७९ मा  स्थानीय तह संस्थागत क्षमता  स्वमूल्याकन Local Government Institutional Capacity Self-Assessment (LISA) प्रणाली अन्तर्गत शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण  तथा विपद व्यवस्थापन तथा सहकार्य र समन्वयका क्षेत्रहरुमा  प्राप्त गरेको कुल अंक ७२.५% लाई स्वीकृत गरि आगामी नगरसभामा छलफल र अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौंको मिति २०७९।०८।१९ मा प्रकाशित सूचना बमोजिम सङ्घीय समपुरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत आ.व. २०८०।०८१ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजिमका आयोजना/कार्यक्रम छनौट तथा प्राथमिकताक्रम निर्धारण गरी राष्ट्रिय योजनामा सिफारिस गर्ने निर्णय गरियो ।

क) विशेष अनुदान तर्फः

१. भजनी नगरपालिकाक वडा नं. १ देखि ९ सम्म विजुलिया देखि सबै वडा समटिने गरी कन्द्रा नदीमा टतबन्धन,

२. वडा नं. २ कटानपुर देखि काढा हुदै वडा नं. ८ खैरा, काढाँ हुदै ३ नं. वडाको दैलेखी टोल सम्म काढा नदीमा टतबन्धन,

३. बाढीप्रभावित क्षेत्रगत बाढी सुरक्षित नमुना बस्ती निर्माण,

४. भजनी बजार वडा नं. १ र ३ मा व्यवास्थित ढल विकास आयोजना,

५. प्राथमिक स्वास्थ्य केन्द्र भजनी -१ मा सुरक्षित मातृत्व कार्यक्रम ।

नगर प्रमुख

ख) सम्पुरक अनुदान तर्फः

१. भजनी बजार पिपल चोक देखि हुलाकी राजमार्ग ठेकिपुर सम्म अधुरो कालोपत्रे ।

२. वडा नं. ५ कालापातल देखि भगतपुर सम्म कालोपत्र सडक निर्माण ।

३. वडा नं. ७ शनीदेव मन्दिर देखि बडकापुरुवा दक्षिण टोल हुदै हलौना बाबा सम्म कालोपत्रे ।

४. वडा नं. २ कंटानपुरमा पक्की पूल निर्माण ।

५. वडा नं. ९ लोपोन्मुख राजी बस्तीमा नमुना बस्ती निर्माण ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेशमा पेश गर्ने समपूरक तथा विशेष अनुदान योजना तपशिलमा उल्लेख भएका योजनाहरुमध्येबाट छनोट गरि पेश गर्ने र बाँकि प्रदेश मन्त्रालयहरुमा माग गर्ने निर्णय गरियो ।

तपशिलः

१. वडा नं. ५ मा खानेपानी टंकी निर्माण दुदवा फाटामा

२. वडा नं. १ इन्डोर खेलकुद भवन निर्माण

३. वडा नं. १ मदर ल्याण्ड विद्यालय देखि अस्पताल सम्म कालो पत्रे

४. वडा नं. ९ मा विजुलिया पुल देखि खोपा नालामा पक्की पुल सहित कालो पत्रे बाटो पचमुडिया गाउँ सम्म

५. वडा नं. ४ धनौरा बजार देखि फोरियाटोल हुदै कुंडी गाउँ कनरा आ.वि. हुदै दिपको घर सम्म कालोपत्रे बाटो ।

६. दिदी बहिनी ताल देखि कलबला सम्म वडा नं. ७ मा बाटो स्तरउन्नती गर्दै कालो पत्रे ।

७. वडा नं. ८ डबल पुर देखि झरनैयामा पक्की पूल निर्माण र फरनैया ढिक हुदै खैरा सुनिता डगौराको घर सम्म कालोपत्रे ।

८. वडा नं. ८ मा वडा कार्यालय भवन निर्माण ।

९. वडा नं. ८ डबलपुर देखि जनकपुर सम्म कालिका मन्दिर कालोपत्रे ।

१०. वडा नं. ९ कुंडी खुरहुरिया बल बहादुरको घर देखि ज्ञान बहादुरको घर सम्म ४-९ वडा जोडने कालोपत्रे

११. वडा नं. ३ र ५ वडा जोडने कर्मदेव घाट कन्द्रा नदीमा झुलुङ्गेपुल

१२. वडा नं. ३ वर्दवाफाटा र वडा नं. ८ कोठा ढिक जोडने काढा नदीमा झुलुङ्गेपुल

१३. वडा नं. ३ र ८ जोडने काँढा नदिमा धुसी र खैरा गाउँलाई जोडने ननकन्ना घाटमा झुलुङ्गेपुल

१४. कालीका आ.वि. वडा नं. ४ झलझलियामा ४ कोठे पक्की भवन

केवल चौधरी
नगर प्रमुख

निर्णय प्रमाणित

१५. वडा नं ९ सम्म वर्थिङ्ग सेन्टर पक्की भवन निर्माण

१६. महुन्याल बहुमुखी क्याम्पसमा पर्खाल निर्माण

१७. वडा नं. ५ मा वडा कार्यालयको भवन तल्ला थप्ने र घेरबार

१८. वडा नं. १-९ सम्म कृषि विद्युतीकरण

१९. वडा नं. ४ को वडा कार्यालय घेरवार पर्खाल निर्माण

२०. वडा नं. ४ को कनरा आ.वि.मा पक्की घेरवार

२१. वडा नं. ६ महादेवली कालकि सम्मको घर देखि पश्चिम वडा नं. २ को सिमाता सम्म बाटो स्तर उन्नती र पानी पिच

२२. वडा नं. ६ खोदाउपुरको खोदाउ नालामा २ र ६ लाई जोडने माटो पटानी सहित पक्की पुल

२३. थापापुर स्मृति देखि दक्षिणमा पर्ने नालामा माटो पटानी सहित माटो पटानी

२४. सजैना नालामा वडा नं. ६ पक्की पुल

२५. वडा नं. ६ थापापुर श्याम लालको घर देखि पूर्व बिष्णा पुर सिमल रुख सम्म कालोपत्रे

२६. वडा नं. ६ वडा कार्यालयको पक्की घेरबार

२७. वडा नं. ६ स्वास्थ्य चौकी भवन निर्माण

२८. वडा नं. ६ वसहा बालअध्यान आ.वि. को पक्की घेरबार

२९. वडा नं. ५ को मोहना छोरलहियामा झुलुङ्गेपुल निर्माण दुदुवा फाँटा

३०. वडा नं. १ गौनाहिया पिपल चोक देखि चकुलिया गाउँको अधुरो पक्की बाटो सम्म कालो पत्रे बाटो

३१. मघुवन शिविर कमैया बस्तीमा कालोपत्रे

३२. वडा नं. ७ दक्षिण पुरुवा देखि चमरौधा सम्म बाटो उन्नती तथा कालोपत्रे

३३. महुन्याल मा.वि. भजनी देखि चेतनशिल समाज सम्म ढल निकास वडा नं. १

३४. वडा नं. १ नगरपालिकाको अगाडी देखि ठेगरपुर सम्म ढल निकास

३५. वडा नं. १ पेरहनी गाउँ अगाडी कुलमा पक्की पुल

३६. वडा नं. ६ महदेवली गाउँको मोतीरामको पसल देखि बसहा सम्म कालोपत्रे बाटो

३७. वडा नं. १ मा सुतहा नाला ढिक हुदै रासी नाला सम्म ग्रावेल माटो पटानी सहितको कृषि बाटो

३८. वडा नं. २ को वडा अध्यक्ष चौराहा रजवारा देखि पश्चिम कमैया वस्ती हुदै कमैया बस्ती सुरहवा बस्ती सम्म सडक स्तरउन्नती तथा माटो पटानी सहित कालोपत्रे

३९. वडा नं. ५ को नयाँ बस्तीमा ढल निकास सहित चक्रपथ कालो पत्रे हुलाकी राजमार्ग जोडने बाटो सम्म

चौधरी

भजनी नगरपालिका

निर्णय प्रमाणित
छह

४०. वडा नं. गौनिहयाँ चोक देखि पूर्व जगत राम चौधरीको घर हुदै सिसहवा खेत सम्म जाने कृषि बाटोमा माटो पटानी सहित कालोपत्रे ।

४१. खैलाड स्वास्थ्य चौकी भवन निर्माण ( वडा नं. ९)

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा तराइ-मधेष समृद्धि कार्यक्रममा तपशिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपशिलः

१. वडा नं. ७ हुलाकी राजमार्ग गणेशमान चौराहा देखि शिव मन्दिर हुदै टाडा हुदै दक्षिण पुरवा चोक सम्म ढल निकास ।

२. वडा नं. ५ पगियापसार धर्नविरेको घर देखि लम्की ताल हुदै दुदवा कालिका मन्दिर देखि मिलनुपुर छल्का पुल हुदै नयाँ बस्ती सम्म हुलाकी राजमार्ग सम्म (६ कि मी) बाटो स्तरउन्नती ।

३. हुलाकी राजमार्ग वडा नं. ३ सिमल चोक देखि विपिननगर घुसी हुदै काढा बजार चोक सम्म बाटो कालोपत्रे ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माघी पर्वको अवसरमा माघ ३ गते स्थानीय विदा दिने र उक्त दिन माघी पर्वका अवसरमा नगरबासीहरुलाई शुभकामनाका दिने निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) आर्थिक सहयोगः

१. नेपाल मानव धर्म सेवा समिति उपशाखा भजनी कैलालीलाई विविध शिर्षकबाट विल अनुसारको रकम भुक्तानी दिने ।

२. दशै मिलन कार्यक्रम टीकापुर नगरपालिका बसन्तालाई विविध शिर्षकबाट रकम रु १० हजार भुक्तानी दिने ।

३. कुटनिबुढिया कार्यक्रम जोशीपुर वाणीलाई विविध शिर्षकबाट रकम रु १० हजार भुक्तानी दिने ।

४. घोडाघोडी नगरपालिका घोडाघोडी पूजैया कार्यक्रमलाई विविध शिर्षकबाट रकम रु १० हजार भुक्तानी दिने ।

ख) यस भजनी नगरपालिकाको कार्यालयको लागि १ जना हल्का सवारी चालक र १ जना भान्से कर्मचारी राख्ने ।

नगर प्रमुख